जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ६१ २०७८ साल असोज ११ गते सोमबार (27 Sep. 2021 Monday) मूल्य रु. ५/-

**पत्रकार आचारसंहिताको पालना गरौं**

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सचेत रहौं शापुसँग... ३ पृष्ठमा : मौलिक हक कार्यान्वयन ... ३ पृष्ठमा :अफगानिस्तानद्वारा एशियामा ...

## सप्तरीका बाढीपीडितलाई भारत सरकारद्वारा अस्थायी बसोवास सामाग्रि सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

सप्तरीका बाढीपीडितलाई भारत सरकारले अस्थायी बसोवासका लागि विभिन्न सामाग्रि सहयोग प्रदान गरेको छ ।

भारत सरकारले सप्तरीका बाढी तथा आगलागि पीडित परिवारका लागि करिब ४३ लाख मुल्य बराबरका विग टेन्ट ३० थान, सिंगल फेमिली टेन्ट ५५ थान, डबल फेमिलि टेन्ट २५ थान र दुई सय थान म्याट सहयोग प्रदान गरेको हो ।

सप्तरी सदरमुकाम राजविराजमा आइतबार नेपाल-भारत महिला मैत्री समाज काठमाडौंद्वारा आयोजित “बाढी, आगलागि तथा पहिरोबाट पीडित परिवारहरुका लागि अस्थायी बसोवास राहत सामाग्रि हस्तान्तरण कार्यक्रम” मा समाजकी अध्यक्ष समेत रहेकी सांसद चन्दा चौधरीले जानकारी दिइन् ।

यस्तै उनले बाढी, आगलागि तथा पहिरोबाट पीडित परिवारका सप्तरीसहित सिरहा, महोत्तरी, बारा, पर्सा, रौतहट, धनुषा, सर्लाही, रुपन्दही र नवलपरासी गरि १० जिल्लामा पाँच करोड भन्दा बढीको अस्थायी बसोवास सामाग्रि भारत सरकारले उपलब्ध गराएको बताइन् ।

विपद् पीडितहरुका लागि भारत सरकारको तर्फबाट सहयोग स्वरुप प्राप्त राहत सामाग्रि प्रमुख जिल्ला अधिकारी जनार्धन गौतमलाई हस्तान्तरण गर्दै विभिन्न प्रकोपबाट पीडामा परेका जिल्लाका बास्तविक पीडितहरुको पहिचान गरि त्यहासम्म पुऱ्याइदिन अनुरोध पनि गरिन् ।

उनले विभिन्न खाले विपद्मा परेर घरबार विहीन भएकाहरुको अस्थायी बसोवासका लागि भारत सरकारले ५ करोड ३९ लाख ४० हजार ८ सय मुल्य बराबरको राहत सामाग्रि आफ्नो संस्था मार्फत सहयोग गरेको बताउँदै यसको सदुपयोग हुनु पर्नेमा जोड दिईन् ।

जिल्लाका पीडितहरुका लागि प्राप्त सहयोग बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले सम्बन्धीत ठाउँका जनप्रतिनिधी र स्थानिय भरभलादमीको समन्वयमा बास्तविक पीडितको पहिचान र आवश्यक प्रक्रिया पुरा गरि छिटै बितरण गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा लोसपा नेता सुनिल झा, दिपेन्द्र चौधरी, अमरनाथ मण्डल, राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष नवीन कुमार गुप्तालगायतले सहयोगका लागि भारत सरकारप्रति आभार व्यक्त गर्दै प्राप्त सहयोगको सदुपयोग हुनुपर्नेमा जोड दिए ।

## पोखरीमा डुबेर पाँच दिनमा ६ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

सप्तरीमा विभिन्न नदी, खोला, पोखरी, खाल्डो लगायतका जलाशयमा डुबेर मृत्यु हुने घटना दिनहुँ बढ्दो छ ।

गत साता मात्रै पाँच बालबालिकासहित ६ जनाको डुबेर मृत्यु भएको प्रहरीको तथ्याङ्कले देखाएको छ । यसैबीच शम्भुनाथ नगरपालिका १२ अर्नाहा टोल निवासी महानन्द सरदारका दुई वर्षीय छोरा रामपुकारको शनिबार राति पोखरीमा डुबेर मृत्यु भएको छ ।

घर पछाडि रहेको पोखरीमा डुबी बेहोस भएका उनलाई उपचारका लागि राजविराज ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि शुक्रबार विष्णुपुर गाउँपालिका ५ मा खेलिरहेका आजाद अलीका तीन वर्षीय छोरा रहमतको पोखरीमा डुबेर मृत्यु भएको थियो । महदेवा गाउँपालिका-२ अकबरपुरकी रामचरित्र मण्डलकी पाँच वर्षीया छोरी शिवानीको बुधबार नुहाउने क्रममा पोखरीमा डुबेर मृत्यु भएको प्रहरीको तथ्याङ्कमा छ ।

यस्तै महदेवा गाउँपालिका ४ परसाहीस्थित सार्वजनिक पोखरीमा मंगलबारसमेत भाँडा धुन गएका बेला अमृत सदाकी छोरी ३० वर्षीया अविवाहिता लक्षनकुमारीको डुबेर मृत्यु भयो । सोही दिन खड्ग नगरपालिका ८ मुसहरनियामा रहेको आफ्नै पोखरीमा राजेशकुमार चौधरीकी छोरी तीन वर्षीया एलिजाकुमारी डुबिरहेको अवस्थामा मृत फेला परिन् । सोहीदिन तिलाठी कोइलाडी गाउँपालिका २ लौनियाकी भतो मन्सुरीकी छोरी १२ वर्षीया सवाना खातुनको नहरमा कपडा धुने क्रममा डुबेर मृत्यु भयो ।

यसअघि जिल्लामा आर्थिक बर्ष २०७६/७७ मा १५ वालबालिकासहित २७ र २०७७/७८ मा १५ बालबालिका सहित २४ जनाको पानीमा डुबेर ज्यान गएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । यस्तै चालू आब २०७८/७९ को नौं हप्ताको अवधीमा १३ बालवालिकासहित २१ जनाको ज्यान गईसकेको प्रहरी तथ्यांकले देखाएको छ ।

## ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

सिरहाको गोलबजार नगरपालिका ३ स्थित गागन खोला पुलमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जना सप्तरीवासीको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना ६ ख १३१ नं को ट्रकले विपरीत दिसातर्फ जाँदै गरेको स७ प ९१८५ नं को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार सप्तरीको कञ्चनरुप नगरपालिका ७ का ३० वर्षीय अभिशेक कटुवाल र ३७ वर्षीय

*बाँकी अन्तिम पृष्ठमा*

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।**




अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### उपभोक्ता तर्फ पनि ध्यान पुगोस्

विभिन्न चाड पर्वको आगवनसंगै खाद्यपदार्थ तथा सुन चाँदीको व्यापारमा बृद्धि भएको छ। पर्वहरुमा मिठाईहरु ज्यादै प्रयोग गरिने गरिन्छ। पर्वको मौका छोपी खाद्यपदार्थमा व्यापक मिसावट भएको देखिन्छ। मिठाईहरुमा अखाद्य रंगको प्रयोग भएको देखिन्छ। जसले विभिन्न खाले रोगव्याधिलाई निम्त्याउँछ। त्यसैगरी सामग्रीमापन पनि सही भएको पाईंदैन। तर बजार अनुगमन गरी गुणस्तर तथा मुल्य निर्धारण गर्ने निकाय सक्रिय देखिँदैन। यसले उपभोक्ता मार्कामा परेका छन्। उपभोक्ता हक, हित संरक्षण समिति साथै उद्योग वाणिज्य संघ सप्तरी पनि यस विषयमा सक्रिय हुनु आवश्यक छ।

यता क्याडमियम मिश्रित सुन चाँदीका गहनाहरुको प्रयोग भएको देखिन्छ। यसले कान, नाकमा लगाउँदा खटिरा आउने र चिलाउने गर्दछ। सुन चाँदी व्यावसायी पनि यस विषमा मौन देखिन्छन्। तसर्थ खाद्यपदार्थको गुणस्तर र सुन चाँदीमा मिसावट स्वास्थ्यका लागि सम्वेदनशील विषय हो। यसले प्रत्यक्षरुपमा मानिसको स्वार्थलाई प्रभावित गर्दछ। यस्तो आम सरोकारको विषयमा सम्बन्धीत निकाय कदापि मौन रहनु हुँदैन।

उपभोक्ता हकहित संरक्षण मञ्च सप्तरीले सक्रियता बढाई जनचेतना जगाउनुका साथै सम्बन्धी निकायलाई बजार अनुगमन र व्यवस्थापन तर्फ सक्रिय गराउन दबाब दिनै पर्छ। नागरिक समाजले पनि यस सम्वेदनशील विषयमा चासो व्यक्त गर्नुपर्ने हुन्छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सचेत रहौं शापुसँग आँखाको ज्योति गुम्न सक्छ

भैरहवा, १० असोज (रासस)।

मानिसको आँखामा लाग्ने रोग शापुले दृष्टिविहीन बनाउन सक्ने एक अध्ययनले देखाएको छ। नेपालको मध्यपहाडी क्षेत्रमा हुने यो रोग सेतो पुतलीबाट सर्ने गरेको अनुसन्धानबाट पत्ता लागेको हो। बढी मात्रामा बच्चाहरूमा लाग्ने यो रोग युवादेखि वृद्धासम्ममा लाग्ने गरेको नेत्ररोग विशेषज्ञले बताउने गरेका छन्। नेपालमा मात्र हुने यो शापु रोग बच्चाका लागि निकै खतरनाक मानिएको छ।

विशेषगरी भदौदेखि मङ्सिरसम्म महामारीका रूपमा देखिने यो रोग समयमा नै आँखा अस्पताल पुग्न नसके आँखाको ज्योति गुम्न सक्ने डाक्टरहरू बताउँछन्। रोगको लक्षण देखिएको २४ देखि ४८ घण्टाभित्र उपचारका लागि अस्पताल पुग्नुपर्ने नेपाल नेत्र ज्योति सङ्घले जनाएको छ। बाल अन्धोपनको मुख्य कारण बनेको यो रोगले समाजमा समेत आर्थिक र सामाजिक रूपमा दखल पुऱ्याएको नेत्र ज्योति सङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष सागर प्रताप राणाले बताउनुभयो। यो रोग लागेमा अस्पताल पुग्नैपर्ने लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिर्सच सेन्टरका नेत्ररोग विशेषज्ञ प्रा डा ज्ञानेन्द्र लामिछानेको सल्लाह छ।

आँखाको ज्योति बचाउनका लागि शापु लागेको लक्षण थाहा पाउनासाथ अस्पताल पुगेर उपचार गरी निको बनाउन सकिन्छ, प्रा डा लामिछानेले भन्नुभयो, "समयमा नै अस्पतालमा नआए दृष्टिविहीन हुनसक्ने सम्भावना अधिक रहन्छ। नेपालका गण्डकी प्रदेशका सबै जिल्ला र लुम्बिनी प्रदेशका पहाडी जिल्लामा यो रोग लाग्ने गरेको तथ्याङ्कले देखाएको छ।

**शापु रोगका लक्षण**

यो रोग लागेमा मानिसको आँखामा विभिन्न लक्षण देखिने लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिर्सच सेन्टरले जानकारी दिएको छ। रिर्सच सेन्टरका अनुसार शापु रोग लागेमा एक्कासी एउटा आँखा रातो हुने, चिप्रा नलाग्ने, उज्यालोमा हेर्न नसक्ने, आँखाको दृष्टिमा कमी आउने, आँखा दुख्ने, समयमा उपचार नपाए कालोमा सेतो देखिने गर्दछ।

मानिसमा यस्ता लक्षण देखिए तुरुन्त नजिकको आँखा अस्पतालमा पुग्नुपर्ने स्वास्थ्य विशेषज्ञ बताउँछन्। रणअम्बिका शाह आँखा अस्पताल भैरहवाका प्रमुख प्रकाश रायमाझीले शापु रोगको उपचार अस्पतालमा मात्र सम्भव भएकाले यसका लक्षण आउनाका साथ बिरामीलाई जतिसक्दो छिटो आँखा अस्पताल पुग्नुपर्ने बताउनुहुन्छ। उहाँले मानिसमा अन्य कुनै भाइरसका कारणले आँखामा शापु रोगको जस्ता लक्षण देखिए पनि अस्पताल छिटो अस्पताल पुग्दा दृष्टि गुम्नबाट बचाउन सकिने बताउनुभयो।

**शापुबाट जोगिने**

यो रोगबाट जोखिनका लागि मानिस सेतो पुतलीको संसर्गबाट टाढै बस्नुपर्ने विशेषज्ञ बताउँछन्। उनीहरुले रातिको समयमा बत्तीमा आउने सेतो पुतलीले मानिसको आँखामा संसर्ग हुनपुगे मात्र यो रोग लाग्ने भएकाले पुतलीबाट टाढा रहनु नै उत्तम रहेको बताएका छन्। नेत्ररोग विशेषज्ञ प्रा डा मदनप्रसाद उपाध्यायले रातिमा घरको झ्यालढोका बन्द गर्ने, आफूखुसी औषधि या अन्य कुनै पनि उपचार नगर्ने, रातिमा बत्ती निभाएर सुत्ने, रोगको लक्षण देखिए तुरुन्तै आँखा उपचार केन्द्रमा पुग्नुपर्ने बताउनुहुन्छ।

"मानिसको आँखा संवेदशील भएकाले घरेलु उपचारभन्दा रोग देखिए आँखा उपचार केन्द्रमा पुग्नुपर्दछ", नेत्ररोग विशेषज्ञ प्रा डा उपाध्यायले भन्नुभयो, "यो रोगलाई आँखा पाक्ने रोगसँग दाँजेर घरमै बस्नु हुँदैन। आँखा उपचार हुने अस्पतालमा पुग्नु पर्दछ। हरेक वर्ष बिराएर प्रकोपको रुप लिने यो रोग नेपालमा समस्याका रूपमा देखिएको छ। गत वर्ष नदेखिएको शापु यो वर्ष देखिएको नेत्ररोग विशेषज्ञले बताउने गरेका छन्।

**अस्पतालको तयारी**

लुम्बिनी प्रदेशका पहाडी जिल्लामा प्रकोपका रूपमा देखिएको यो रोगको उपचारका लागि रणअम्बिका शाह आँखा अस्पताल भैरहवाले विशेष टोली तयारी अवस्थामा राखेको जानकारी दिएको छ। नेत्ररोग विशेषज्ञहरू यो रोगको उपचार २४सै घण्टा तयारी अवस्थामा छन् भने अस्पतालका अन्य कर्मचारी पनि शापुको उपचारका लागि अस्पतालको निर्देशनअनुसार काम गरेको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिर्सच सेन्टरले जनाएको छ।

लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिर्सच सेन्टरका नेत्ररोग विशेषज्ञ प्रा डा उपाध्यायले शापु रोगको उपचार र रोकथामका लागि नेपालभरका नेत्ररोग विशेषज्ञ र अस्पतालसँग उपचार पद्धतिमा एकरूपता ल्याउनका लागि सहकार्य गरिएको बताउनुभयो। नेपालमा विसं २०३२ मा देखिएको यो रोग बालबालिकामा बढी मात्रामा देखिने गरेको छ। यो रोग लागेपछि आँखाको ज्योति पुरानो अवस्थामा फर्काउन निकै कठिन हुने नेत्ररोग विशेषज्ञ बताउँछन्।

**उपचार विधि**


लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान एवं रिर्सच सेन्टरका नेत्ररोग विशेषज्ञ प्रा डा लामिछानेका अनुसार यो रोगको उपचार विभिन्न वर्गमा विभाजन गरेर गरिएको छ। पहिलो, यो रोग लागेर तुरुन्त आँखा उपचार केन्द्र वा अस्पतालमा पुगे सामान्यरूपमा आइड्रपले नै निको हुने गर्दछ।

दोस्रो, यो अलि ढिलो अस्पताल पुग्ने र आँखामा शापुका जीवाणु फैलिसकेको हुनाले इन्जेक्सन लगाएर उपचार गरिन्छ। तेस्रो, अस्पताल ढिलो पुग्ने अवस्था हो। यस अवस्था जटिल अवस्था भएकाले शल्यक्रिया गरी शापुको उपचार गरिन्छ। उपचारपछि मानिसमा आँखाको ज्याति पुरानै अवस्थामा फर्काउन पनि कठिन छ। रातिमा सुत्दा पनि झुल लगाएर सुत्नुपर्ने नेत्ररोग विशेषज्ञहरू बताउँछन्।

**पुतलीबाट टाढै बसौं**

सेतो पुतलीले सार्ने शापु रोग नेपालमा मात्र हुने आँखामा लाग्ने रोग हो। यो भदौदेखि मङ्सिर महिनासम्म लाग्ने मौसमी रोग

बाँकी तीन पृष्ठमा

# मौलिक हक कार्यान्वयन गर्न ऐन बनेको तीन वर्षसम्म पनि आएन नियमावली

काठमाडौँ, १० असोज (रासस)।

संविधानको मौलिक हक कार्यान्वयनका लागि बनाइएको आवासको अधिकारसम्बन्धी ऐन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गर्नुभएको तीन वर्षसम्म पनि यसको नियमावली बन्न सकेको छैन ।

सङ्घीय संसद्का दुवै सदनबाट पारित भएको आवासको अधिकारसम्बन्धी ऐन-२०७५ लाई राष्ट्रपति भण्डारीले विसं २०७५ असोज २ गते प्रमाणीकरण गर्नुभएको थियो । ऐनका कतिपय दफामा लेखिएको तोकिएबमोजिम भन्ने विषयलाई नियमावलीले व्याख्या गर्छ । तर ऐन प्रमाणीकरण भएर कार्यान्वयनमा आयो भनिएको तीन वर्ष बितिसक्दा पनि नियमावली नबन्दा कानूनी अप्ठ्यारा आउने गरेका छन् ।

शहरी विकास मन्त्रालयका प्रवक्ता विष्णुप्रसाद शर्माले नियमावली मस्यौदा भई सरोकार भएका मन्त्रालयको सहमति लिएर मन्त्रिपरिषद्मा पुगेको बताउनुभयो । यससम्बन्धी विस्तृत काम शहरी विकास तथा भवन निर्माण विभागले गरेको उहाँको भनाइ छ । कोरोना भाइरस सङ्क्रमणका कारण बन्दाबन्दी एवं निषेधाज्ञा जारी भएर लामो समय खेर गएकाले मस्यौदा तयार पार्न समय बढी लागेको प्रवक्ता शर्माले सुनाउनुभयो । मन्त्रालयको आवास, भवन तथा योजना महाशाखा प्रमुखको संयोजकत्वमा नियमावली मस्यौदा भई कानून, अर्थलगायत सरोकार भएका मन्त्रालयको सहमति लिने काम सकिएर नियमावली मन्त्रिपरिषद्मा पेश भएको जनाइएको छ । संविधानसभाबाट बनेको नेपालको संविधान-२०७२ मा पहिलोपटक मौलिक हकका रुपमा आवासको हकसम्बन्धी व्यवस्था गरिएको छ ।

आवासको हकका विषयमा काम गरिरहनुभएका अधिवक्ता राजुप्रसाद चापागाइँले नियमावली बनेपछि मात्र ऐनको कार्यविधिगत स्पष्टता आउने बताउनुभयो । नियमावली नभएकाले कसैको आवासको हक खोसिन लाग्यो भने सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगमा मौलिक हकको संरक्षणको विषय लिएर जान सकिने उहाँको भनाइ छ । "ऐन बनेको तीन वर्षसम्म पनि नियमावली नबनाई मौलिक हक कार्यान्वयनमा बाधा पुऱ्याइएको छ, एक दुई महिनामा बन्नुपर्ने नियमावली ऐन बनेको तीन वर्षसम्म पनि नबन्नु दुःखद् छ", अधिवक्ता चापागाइँले भन्नुभयो ।

आवासको हक कार्यान्वयनका लागि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ । विगतमा मन्त्रालयले सञ्चालन गरेको जनता आवास कार्यक्रम आर्थिक वर्ष २०७५/२०७६ देखि प्रदेश सरकारअन्तर्गत कार्यान्वयनमा छ । यसैगरी सुरक्षित नागरिक आवास कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम पनि कार्यान्वयनको चरणमा रहेको मन्त्रालयले जनाएको छ । एकीकृत बस्ती विकास कार्यक्रम रसुवा, कास्की, कपिलवस्तु, जाजरकोट, बाँके, उदयपुर र सप्तरीमा एक/एक बस्ती बनाउने गरी आर्थिक वर्ष २०७६/२०७७ मा कार्यान्वयन भएको थियो । सोही आवमा बाढी पहिरो पीडितका लागि डढेल्धुरा, सर्लाही र मुगुमा आवास बनाउने कार्यक्रम भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी सिन्धुपाल्चोकको जुरे, बर्दिया र सुर्खेतमा पनि बाढीपहिरोपीडितका लागि आवास निर्माण गरिने कार्यक्रम सञ्चालनमा छ । आवासविहीनका लागि आवासको सुनिश्चितता गर्ने उद्देश्यले मन्त्रालयले आव २०७६/२०७७ मै रु ७३ करोड बराबरको आवास बनाइदिने कार्यक्रम सम्पन्न गरेको जनाइएको छ ।

**सुरक्षित नागरिक आवासलाई रकम अभाव**

आव २०७५/२०७६ देखि शुरु भएको सुरक्षित नागरिक आवास कार्यक्रमका लागि बजेट अभाव भएको छ । एक लाख ५७ हजार घरलाई खरको छाना हटाएर जस्ताको छाना हाल्न रु ५० हजार अनुदान दिन छनोट गरिएकामा रकम अभाव भएको शहरी विकास तथा भवन निर्माण विभाग, आवास शाखा प्रमुख वरिष्ठ डिभिजनल इञ्जिनीयर मीरा ज्ञवालीले राससलाई जानकारी दिनुभयो ।

यो कार्यक्रम आव २०७५/२०७६ मा २२२ स्थानीय तहबाट सुरु भएको थियो । आव २०७६/२०७७ मा पनि २२२ स्थानीय तहमै यो कार्यक्रम सञ्चालन गरिएको थियो । आव २०७७/२०७८ देखि भने यो कार्यक्रम एक लाख ५७ हजार घरधुरीलाई दिने कार्यक्रम घोषणा गरिएकामा यसका लागि रकम अभाव भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका लागि रु साढे सात अर्ब बजेट आवश्यकपर्नेमा दुईपटक गरी पाँच अर्बमात्र आउँदा सबै घरधनीलाई बजेट दिन नसकिएको विभागले जनाएको छ । शहरी विकासमन्त्री अध्यक्ष रहने यो कार्यक्रमको निर्देशक समितिले २०७७ चैत १० गते खरको छाना विस्थापित गरी सुरक्षित छाना बनाउन रु ५० हजार अपुग भएको भन्दै रु ७५ हजार दिने निर्णय गरे पनि पूर्व निर्णयानुसार रु ५० हजार पनि छनोट भएका घरपरिवारलाई दिन सकिएको छैन । विभागले भने छाना फेर्न कम्तीमा रु एक लाख बजेट दिनुपर्ने माग गर्दै आएको थियो ।

प्रदेश सरकारअन्तर्गत सञ्चालनमा रहेको जनता आवास कार्यक्रममा पनि बजेट अभाव छ । जनता आवास कार्यक्रमको अनुगमन पनि विभागले गर्दै आएको छ । दुवै कार्यक्रममा बजेट अभाव हुँदा स्थानीय सरकारबाट गुनासो आउने गरेको छ ।


**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं।**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


## राजविराज नगरपालिका
## ४ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/६/१०

उपरोक्त सम्बन्धमा जि.स.रा.वि.न.पा. वडा नं. ३ हाल वडा नं. ४ भलुवाही रोडको प्लौट नं. १२/२ ग. को ०-०-११ जग्गा मेरो ससुरा रोहन यादवको नाउँमा दर्ता रही श्री सप्तरी जिल्ला अदालत राजविराज वादी टेक नारायण यादव प्र.वा. हरु ससुरा रोहन यादव र लोग्ने गंगाराम यादव बीच चलेको अंस मुद्दामा मिति २०४६/४/१९ मा भएको मिलापत्र बमोजिम ससुरा रोहन यादव नाउँ दर्ताको सो प्लौट १२/२ को ०-०-११ जग्गा एकलौटी जग्गा लोग्ने गंगाराम यादवको नाउँमा कायम भएकोले निज लोग्ने गंगाराम यादव आफ्ना कालगतिले मिति २०७७/६/१४ गते मृत्यु भएकोले निजको शेषपछि अपुतली खाने म निवेदिका पत्नी शुसिला देवी मात्र भएकोले सो जग्गा नामसारी गरी पाउ भनि द.न. २४४ को निवेदन दिएकोले हकदाबी सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरि दिनुहुन सिफारिस साथ अनुरोध छ ।

वडा सचिव
ओमप्रकाश साह

### सचेत रहौं ...

हो । यो रोग लागेपछि आँखाभित्रका तीनवटै पत्रलाई असर गर्ने सङ्क्रमण खालको रोग हो । आँखाको ज्योति नै गुम्ने खालको जटिल प्रकृतिको रोग भएकाले यस नेपालमा समस्याको रूपमा लिने गरिएको छ । नेपालका मध्यपहाडी जिल्लामा यो रोगको जोखिम बढी छ ।

यसको उपचार नेत्र चिकित्सकले मात्र गर्ने भएकाले आइड्रप, आँखाभित्र इन्जेक्सनबाट औषधि पठाएर र शल्यक्रियाबाट गरिने भएकाले यो जटिल प्रकृति हो । यसका लागि मानिसले सेतो पुतलीबाटै टाढै बस्नु पर्दछ । यसको रोकथामका उपाय अपनाउनु शापु रोगबाट बच्नु हो । त्यसकारण नेपालमा मात्र पाइने यो रोगको निवारणका लागि नेत्ररोग विशेषज्ञहरूले अनुसन्धान गरी यसको निदान गर्नुपर्दछ ।

# विश्व समाचार

## अफगानिस्तानद्वारा एशियामा मानवीय सहयोग प्रवाह गर्ने अमेरिकी कदमको स्वागत

काबुल, १० असोज (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको नवगठित तालिबानी प्रशासनले संयुक्त राज्य अमेरिकाले एशियाली देशमा मानवीय सहायता प्रवाह गर्ने कदमको स्वागत गरेको छ ।

यहाँको परराष्ट्र मन्त्रालयका प्रवक्ता अब्दुल कहार बल्खीले आइतबार जनाएअनुसार "अफगानिस्तानको इस्लामिक इमिरेट्सको विदेश मामिला मन्त्रालयले अमेरिकी सरकारी निकायलाई अन्तरराष्ट्रिय र गैरसरकारी संस्थासँगै बैंकले खाना र औषधिको प्रवाहलाई सहज बनाउनका लागि अनुमति दिने पछिल्लो निर्णयको स्वागत गरेको छ ।"

अफगानिस्तानले अमेरिका र अन्य अन्तरराष्ट्रिय सङ्गठनसहित सबै देश अफगानिस्तानको नयाँ सरकारसँग सम्बन्ध स्थापित गर्दै अफगानी जनतालाई मानवीय सहायता प्रदान गर्ने कार्यमा सहयोगी हुने अपेक्षा गरेको छ ।

तालिबानी काम चलाउ सरकारका कार्यबाहक परराष्ट्रमन्त्री अमीर खान मुत्ताकीले अफगानिस्तान छिमेकीलगायत सबै देशसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्न चाहेको बताएका छन् ।

यसैबीच अमेरिकाले शुक्रबार लाइसेन्स जारी गर्दै अमेरिकी सरकार, गैरसरकारी संस्था र अन्य केही अन्तरराष्ट्रिय सङ्गठनलाई अफगानिस्तानलाई मानवीय सहायता प्रदान गर्न अनुमति दिएको छ ।

यस महिनाको शुरुमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अफगानिस्तानमा पूर्णआर्थिक पतनको सम्भावना "गम्भीर" रहेको चेतावनी दिँदै अफगानिस्तानलाई आर्थिक सहायता उपलब्ध गराउन अन्तरराष्ट्रिय समूदायलाई आग्रह गरेका थिए ।

उनले अफगानिस्तानको लागि १.२ बिलियन अमेरिकी डलर राहत दिने बाचा गर्ने देशलाई छिटो कदम चाल्नसमेत आग्रह गरेका थिए भने तालिबानी अधिकारीले उक्त सहायता पारदर्शी ढङ्गले लक्ष्यित समूहमा पुऱ्याउने प्रदिबद्धता पनि व्यक्त गरेका थिए ।

## अफगानिस्तानलाई राजनीतिक प्रक्रियामा ल्याउन तालिबानसँग सहकार्य गर्नुपर्ने

संयुक्त राष्ट्रसङ्घ, १० असोज (रासस/सिन्ह्वा) ।

रुसी विदेशमन्त्री सेरगेई लाभरोभले अफगानिस्तानका तालिबानसँगको सहकार्य बिना उनीहरुलाई राजनीतिक प्रक्रियामा ल्याउन सम्भव नभएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी हुन हाल न्युयोर्क रहनुभएका विदेशमन्त्री लाभरोभले शनिबार यहाँ पत्रकार सम्मेलनका क्रममा अफगानिस्तानलाई पनि राजनीति प्रक्रियामा ल्याउनुपर्ने खाँचो औँल्याउनुभयो ।

त्यसैले यस प्रक्रियाका लागि अफगानिस्तानमा हाल सत्तामा रहेका तालिबानसँग सहकार्य गर्नुपर्ने, उनीहरुलाई शान्ति र अफगानिस्तानको स्थायित्वका लागि सहयोग पनि गर्नुपर्ने बताउनुभयो ।

उहाँले हाल अफगानिस्तानको अवस्था नाजुक रहेकाले सहयोग गर्न सबै विश्व समुदाय लाग्नुपर्नेमा पनि जोड दिनुभएको प्राप्त समाचारमा जनाइएको छ ।

यसअघि पाकिस्तानका प्रधानमन्त्री इमरान खानले पनि अफगानिस्तानलाई सहयोग गर्न विश्व समुदायसँग आग्रह गर्नुभएको थियो ।

पाकिस्तानका प्रधानमन्त्री खानले पनि सयुक्त राष्ट्रसङ्घको ७६औं महासभालाई शनिबार सम्बोधन गर्दै अफगानिस्तानलाई सहयोग गर्न सयुक्त राष्ट्रसङ्घमार्फत् विश्व समुदाय समक्ष आग्रह गर्नुभएको थियो ।

उहाँले अहिले अफगानिस्तानको अवस्था निकै गम्भीर भइसकेको भन्दै यस देश र यहाँका जनतालाई सहयोग गर्न विश्व समुदाय पछि पर्न नहुने बताउनुभएको थियो ।

## अफगानिस्तानको सहयोगका लागि पाकिस्तानी प्रधानमन्त्रीको आग्रह

इस्लामावाद, १० असोज (रासस/सिन्ह्वा) ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले अफगानिस्तानलाई सहयोग गर्न विश्व समुदाय परिचालन गर्न सयुक्त राष्ट्रसङ्घलाई आग्रह गर्नुभएको छ ।

पाकिस्तानका प्रधानमन्त्री खानले अफगानिस्तानलाई सहयोग गर्न सयुक्त राष्ट्रसङ्घमार्फत् विश्व समुदाय समक्ष आग्रह गर्नुभएको प्राप्तमा समाचारमा जनाइएको छ ।

उहाँले सयुक्त राष्ट्रसङ्घको ७६औं महासभालाई सम्बोधन गर्दै सो आग्रह गर्नुभएको हो । उहाँले सयुक्त राष्ट्रसङ्घको ७६औं सभालाई शनिबार भर्चुअल माध्यमबाट सम्बोधन गर्नुभएको थियो ।

उहाँले अहिले अफगानिस्तानको अवस्था निकै गम्भीर भइसकेको भन्दै यस देशलाई सहयोग गर्न अब पनि पछि पर्ने हो भने यसबाट विश्व समुदायलाई नै पछि पछुतो हुने पनि बताउनुभएको हो ।

उहाँले अहिले अफगानिस्तानमा मानवीय सहयता चाहिएको र देशको आर्थिक अवस्था पनि निकै गम्भीर रहेकाले आगामी दिनमा यो संवेदनशीलता बुझेर विश्व समुदायले सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले सो सम्मेलनलाई गर्नुभएको सम्बोधनमा भन्नुभएको छ, यदि अहिले नै हामीले अफगानिस्तानको अप्ठेरो अवस्था बुझ्न सकेनौं, मनन गर्न सकेनौं भने अर्को वर्षसम्ममा अफगानिस्तानको अवस्था निकै नै गम्भीर भइसक्ने छ ।

उहाँले अर्को वर्ष सम्ममा अफगानिस्तानका कम्तीमा पनि ९० प्रतिशत नागरिक गरिबीको रेखामुनि परिसक्ने पनि उहाँले बताउनुभयो ।

उहाँले यहाँको अवस्था निकै नै बिग्रँदो रहेको र अहिले पनि देश आर्थिकरुपमा कमजोर हुँदै गएकाले यस विषयमा सबैले चनाखो भएर काम गर्नुपर्ने पनि बताउनुएको थियो ।

# हिरासतको ग्रिल फुटाएर फरार युवक पक्राउ

लहान, १० असोज (रासस)।

इलाका प्रहरी कार्यालय लहानको हिरासतबाट करिब अढाइ महिनाअघि फरार एक युवकलाई सिरहा प्रहरीले शनिबार साँझ पक्राउ गरेको छ। गत असार २६ गते हिरासतकक्षको ग्रिल फुटाएर फरार नवराजपुर गाउँपालिका-१ निवासी ३४ वर्षीय रामप्रकाश भन्ने पशुपति यादवलाई शनिबार पक्राउ गरेको प्रहरीले जनाएको छ।

गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ मौवाहीको लच्का पुलबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिनुभयो।

लागुऔषध मुद्दामा यादव गत जेठ २० गते पक्राउ परेका थिए। पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय लहानमा राखेर थप अनुसन्धान अघि बढाएको उहाँले बताउनुभयो।

## *ट्रकले मोटरसाइकल ...*

अच्युत लुईंटेलको मृत्यु भएको प्रहरीले जनाएको छ।

ट्रकको ठक्करबाट गम्भीर घाइते कटुवालको उपचारका क्रममा लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा र लुईंटेलको विराटनगरमा मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए। ठक्कर दिने ट्रक र त्यसका चालकलाई नियन्त्रणमा लिएको र घटनाबारे थप अनुन्धान भइरहेको उनले बताए।

# टिपरको ठक्करबाट एकको मृत्यु आक्रोसित स्थानियद्वारा टिपरमा आगजनी

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १० असोज।**

जनकपुरधाममा एकजना भारतीय नागरिकको टिपरको ठक्करबाट मृत्यु भएपछि स्थानियले सो टिपरमा आगजनी गरेका छन्।

जनकपुरधामबाट ढल्केबरतर्फ जाँदै गरेको ना.७ख ४६४८ नम्बरको टिपरले पिडारी चौकमा भारतीय नागरिक सवार ज.९प.१४९७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो।

ठक्करबाट भारतको बिहार राज्य अन्तर्गत मुजफफरपुर जिल्ला साहेबगंज निवासी अन्दाजी ४० बर्षीय आनन्दकिशोर साहको मृत्यु भएको हो।

ठक्करबाट गम्भीर घाइते भएका दासलाई उपचारका लागि प्रादेशिक अस्पताल लग्ने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

आगजनी गरिएको टिपरको अधिकांस भाग जलेको छ। यता ठक्कर दिने टिपरका चालकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# आठ सय ३४ संक्रमित
## एक हजार २ सय ७९ जना संक्रमणमुक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, १० असोज।**

बितेको २४ घण्टामा देशभर ८ सय ३४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। सोही अवधिमा १ हजार २ सय ७९ जना कोरोना संक्रमणमुक्त भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयकाअनुसार बितेको २४ घण्टामा १३ हजार ७३६ जनामा कोरोना परीक्षण भएको थियो।

यसैबीच पछिल्लो २४ घण्टामा ९ जनाले कोरोनाबाट ज्यान गुमाएका छन्। यससँगै देशभर कोरोनाबाट ज्यान गुमाउनेको संख्या ११ हजार ९६ पुगेको छ।

यस्तै कोरोना संक्रमितको कुल संख्या पीसीआर विधिबाट भएको परीक्षणमा ७ लाख ९१ हजार ३९२ र एन्टिजेन विधिबाट भएको परीक्षणमा ९० हजार ५४७ जना पुगेको छ। संक्रमितमध्ये ७ लाख ६१ हजार १५४ जना निको भएका छन्।

# मधेसका मुद्दामा गम्भीर हुन लोसपा अध्यक्षको आग्रह

धनुषा, १० असोज (रासस)।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेसको समस्या समाधान नभएसम्म देशमा अस्थिरता आउन नसक्ने भएकाले त्यसतर्फ गम्भीर हुन आग्रह गर्नुभएको छ।

जनकपुरधाममा आइतबार लोसपा महिला परिवारले जितिया पर्वको पूर्वसन्ध्यामा आयोजना गरेको कार्यक्रममा अध्यक्ष ठाकुरले मुलुकमा राजनीतिक अस्थिरता कायम रहे पनि सरकारले मधेस समस्या समाधानका लागि गम्भीरता नदेखाएको आरोप लगाउनुभयो।

उहाँले मधेस समस्या समाधान गर्न हालसम्म भएका प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराइसकेको बताउनुभयो। देशमा सङ्घीय गणतन्त्र स्थापनापछि भएका सबै प्रधानमन्त्रीलाई मधेसको मुद्दाको सवालमा जानकारी गराएको उहाँले स्पस्ट पार्नुभयो।

उहाँले मधेसका एजेन्डा सुरुदेखि आफूहरूले नै उठाएको र अहिले पनि त्यसमा कायम नै रहेको बताउनुभयो। अध्यक्ष ठाकुरले भन्नुभयो, "संविधान संशोधन, मधेस आन्दोलनकारीमाथि लगाइएका झुटा मुद्दा फिर्ता, नागरिकता समस्या समाधान, समावेशितालगायत मुद्दा हामीले निरन्तर उठाइरहेका छौं।"

# सरकारलाई छिट्टै पूर्णता दिने सहमति


काठमाडौँ, १० असोज (रासस)।

सत्तारुढ दलको गठबन्धनले सरकारलाई छिट्टै पूर्णता दिनेलगायत विषयमा सहमति गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको गठबन्धनका शीर्ष नेताबीच मन्त्रिपरिषद्लाई छिट्टै पूर्णता दिने, गठबन्धनलाई प्रदेशस्तरसम्म सुदृढ बनाउँदै लैजानेलगायत विषयमा सहमति भएको बैठकमा सहभागी जनता समाजवादी पार्टी नेपालका नेता महेन्द्रराय यादवले जानकारी दिनुभयो।

बैठकमा दल विभाजनसम्बन्धी अध्यादेशलाई निष्क्रिय बनाउने, सरकारका कामको समीक्षा, समसामयिक राजनीतिलगायत विषयमा पनि छलफल भएको र छलफल भएका विषयमा आवश्यक निर्णय गर्ने जिम्मा शीर्ष नेतालाई दिने सहमति भएको थियो।

बैठकमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जसपा सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, जसपा अध्यक्ष उपेन्द्र यादव, नेता महेन्द्रराय यादवलगायत सहभागी हुनुहुन्थ्यो।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*